# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।०६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंले नेपाल सरकारको नाममा कायम जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवदेन सम्बन्धमा अनुसन्धान हुँदा नेपाल सरकारको नाममा बाटो कायम भएको का.जि.का.म.न.पा साविक वडा नं. १६ कि.नं. १३९९ क्षे.फ. ९१.३१ वर्गमिटर जग्गा, जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ८१ को उपदफा (७)(१) मा वर्णित "नेपाल सरकारको नाममा दर्ता भएको जग्गा व्यक्ति विशेषको हकभोगको हो भन्ने प्रमाण पेश हुन आई कार्यालयले प्रमाणको मूल्याङ्कन गर्दा गल्तीले नेपाल सरकारको नाममा दर्ता हुन गएको भनी किटानी रायसाथ पेश भएमा नेपाल सरकारको स्वीकृति भएपछि मात्र मालपोत कार्यालयले दर्ता गरी दर्ता सच्याउन सक्नेछ" भन्ने कानूनी व्यवस्था विपरीत नेपाल सरकारको स्वीकृति बिना नै भक्तरत्न तुलाधरको नाममा कायम गर्ने निर्णय गरी दर्ता गर्ने र निर्णय मिसिल लुकाउने भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायका कर्मचारीहरु र सरोकारवाला व्यक्तिहरुलाई देहायबमोजिमको कसुर तथा सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १८ र दफा ३५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| सि. नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन उपसचिव परशुराम अधिकारी | मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं | रु.२१,३०,३८१।०४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी विगो असुल उपर समेतको मागदावी लिने साथै निजले आफूसहितको हस्ताक्षर भई कार्य सम्पन्न भएको निर्णय मिसिल तामेली दर्ता डायरीमा दर्तासमेत नगरी आफ्नो कसुर ढाकछोप गर्न सरकारी वा सार्वजनिक संस्थाको कागजात लुकाएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही दफा १२ बमोजिमको कैद र जरिवाना गरी हानिनोक्सानी गरेको विगो असुल उपर समेतको मागदावी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| २. | तत्कालीन मालपोत अधिकृत सिताराम पोखरेल | मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं | रु.२१,३०,३८१।०४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी विगो असुल उपर समेतको मागदावी लिने साथै निजले आफूसहितको हस्ताक्षर भई कार्य सम्पन्न भएको निर्णय मिसिल तामेली दर्ता डायरीमा दर्तासमेत नगरी आफ्नो कसुर ढाकछोप गर्न सरकारी वा सार्वजनिक संस्थाको कागजात लुकाएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही दफा १२ बमोजिमको कैद र जरिवाना गरी हानिनोक्सानी गरेको विगो असुल उपर समेतको मागदावी लिइएको छ । |
| ३. | तत्कालीन नायव सुब्बा तारा प्रसाद जोशी | मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं | रु.२१,३०,३८१।०४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी विगो असुल उपर समेतको मागदावी लिने साथै निजले आफूसहितको हस्ताक्षर भई कार्य सम्पन्न भएको निर्णय मिसिल तामेली दर्ता डायरीमा दर्तासमेत नगरी आफ्नो कसुर ढाकछोप गर्न सरकारी वा सार्वजनिक संस्थाको कागजात लुकाएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही दफा १२ बमोजिमको कैद र जरिवाना गरी हानिनोक्सानी गरेको विगो असुल उपरसमेतको मागदावी लिइएको छ । |
| ४. | तत्कालीन नायब सुब्बा प्रसाराम भुसाल | मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं | रु.२१,३०,३८१।०४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरी विगो असुल उपर समेतको मागदावी लिने साथै निजले आफूसहितको हस्ताक्षर भई कार्य सम्पन्न भएको निर्णय मिसिल तामेली दर्ता डायरीमा दर्तासमेत नगरी आफ्नो कसुर ढाकछोप गर्न सरकारी वा सार्वजनिक संस्थाको कागजात लुकाएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही दफा १२ बमोजिमको कैद र जरिवाना गरी हानिनोक्सानी गरेको विगो असुल |

| | | | | |
|---|---|---|---|---|
| | | | | उपरसमेतको मागदावी लिइएको छ । |
| ५. | स्वर्गीय भक्तरत्न तुलाधर | का.जि.का.म.न.पा | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिमको कसुर गरेको देखिएता पनि यी व्यक्तिको मृत्यु भईसकेको देखिँदा अपराधीसँगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त एवं मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ उपदफा (२) समेतको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवानाको सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३३ उपदफा (२) र दफा १५८ उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजि विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम बिगो रु.२१,३०,३८१.४ निजको नाममा नै हाल रहेको कुनै सम्पत्तिबाट वा निजको नामबाट निजको हकवालाको नाममा सम्पत्ति गएको भए निजको हकवालासमेतबाट असुल उपर हुन मागदावी लिइएको छ । | |
| ६. | शशी तुलाधर | का.जि.का.म.न.पा | रु.१०,६५,१९०।०७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले निजलाई बिगो रु.२१,३०,३८१।०४ को आधा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा उल्लेख भएबमोजिम मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन मागदावी लिइएको छ । |
| ७. | रानु तुलाधर र दिव्य तुलाधर | का.जि.का.म.न.पा | | भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कुनै कसूर गरेको नदेखिएतापनि सरकारी, सार्वजनिक जग्गा हाल निजहरुको नाममा कायम भएको अवस्थामा सो जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम निजहरुको नामबाट जफत गरी पुनः नेपाल सरकारको नाममा दर्ता कायम गरी पाउन समेतको मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी